# पञ्चकन्या गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लाकुरीभञ्ज्याङ, नुवाकोट

बागमती प्रदेश,नेपाल

प.स : ०७७/०७८
च.न : ४८२

मिति:-२०७७/०६/२१

श्री सबै सामुदयिक विद्यालयहरु
पञ्चकन्या गाउँपालिका ,नुवाकोट ।

विषय : अनुदान माग गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस पञ्चकन्या गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को विद्यालय क्षेत्र विकास कार्यक्रम अर्न्तगतको विद्यालयको शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित अनुदान र विद्यालयमा भौतिक पुर्वाधार निर्माण कार्यक्रम अर्न्तगत तपसिलका क्रियाकलापहरुलाई सामुदायिक विद्यालयमा संचालन गर्नुपर्ने भएकोले मिति २०७७ कार्तिक २ गते भित्र तपसिलका कागजातहरु संलग्न गरी यस गाउँपालिकाकोृ कार्यालयमा कार्यक्रम प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।

| क्र.स. | क्रियाकलापहरु | संलग्न गर्नुपर्ने कागजातहरु | कैफियत |
|---|---|---|---|
| १. | तोकिएको सुचकका आधारमा कार्य सम्पादन गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान । | • अनुदान रकम माग गर्ने विद्यालयले शिक्षण सिकाइ समय मापन सम्बन्धि कार्यविधि २०७४ कार्यान्वयन गर्ने प्रतिवद्धता सहितको निवेदन<br>• विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ को अनुसूची ३ मा उल्लेखित कार्यसम्पादन मुल्याङ्कन फाराम (विद्यालयको मुल्याङ्कन सहित )<br>• कार्यक्रम प्रस्ताव | |
| २. | उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयहरुलाई सिकाइ सुदृढीकरण तथा विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान | • अनुदान मागको लागि विद्यालयको पत्र<br>• पछिल्लो पटक सञ्चालन भएको कक्षा ८,१० र १२ को नतिजाको औषत अंक ,शैक्षिक सत्र २०७६ को शिक्षक उपस्थीतिको औषत अंक, विद्यार्थीको कक्षा दोहोर्‍याउने दर ,विद्यार्थी संख्या ,विद्यालय बाहिर रहेका बालबालिकाको संख्या<br>• विद्यालयको सिकाइ उपलब्धिलाई थप वृद्धि गर्ने र आफ्ना असल अभ्यासहरुलाई न्यून सिकाइ उपलब्धि भएका विद्यालयहरुलाई अनुभव आदान प्रदान गर्नको लागि प्रवर्तनात्मक क्रियाकलाप सहितको कार्यक्रम प्रस्ताव पेश गर्ने । | |
| ३ | माध्यमिक विद्यालयमा पस्तकालय स्थापना र व्यवस्थापन | • रकम माग गर्ने निवेदन<br>• कार्यक्रम प्रस्ताव | |

नरेश पुडासैनी
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ४. | शिक्षण सिकाइमा प्रविधिको प्रयोग | • विद्यालयको माध्यमिक तहमा गणित अंग्रेजी र विषय पढाई रहेको , कम्प्युटर एच्छिक विषयका रुपमा अध्यापन गराएको एवम् शिक्षकको ICT को माध्यमबाट शिक्षण गर्न सक्ने तत्परता र क्षमता खुल्ने गरी कार्यक्रम प्रस्ताव | इन्टरनेटको पहुँच र विद्युतको नियमित आपुर्ति भएको विद्यालय हुनुपर्ने |
| ५. | शिक्षकको शिक्षण सिकाइमा विताउने समयावधी सुधार योजना कार्यान्वयनको लागि विद्यालयलाई अनुदान । | • शिक्षण सिकाइ समय मापन कार्यान्वयन गर्ने विद्यालय व्यवस्थापन समितिको निर्णय सहित अनुदान माग गर्ने निवेदन | |
| ५. | विज्ञान प्रयोगशाला इन्टरनेटको पहुँच र विधुतको नियमित आपुर्ती भएको विद्यालय हुनुपर्ने | • अनुदान रकम मागको लागि विद्यालयको पत्र<br>• कार्यक्रम प्रस्ताव | प्राविधिक धार संचालित विद्यालयलाई प्राथमिकता दिइने । |
| ६. | Wash सहितको शौचालय | • शौचालयको रकम माग गर्न विद्यालयको पत्र<br>• लागत अनुदान नपुग हुने रकम विद्यालयले आफ्नै श्रोतबाट व्यहोरी कार्य सम्पादन गर्ने व्यहोराको प्रतिवद्धताको पत्र | नेपाल राष्ट्रिय भवन संहिता २०६० मा भएको व्यवस्था अनुसार भुकम्प प्रतिरोधी , अपाङ्ग मैत्री,वालमैत्री र छात्रामैत्री हुनु पर्नेछ , छात्र छात्राको लागि छुट्टै निमार्ण गर्ने वा प्रवेशद्धार विपरीत दिशावाट राख्नुपर्ने छ, Incinerator र changing room को व्यवस्था गर्नु पर्ने छ । |

नरेश पुडासैनी
प्रमुख प्रशासकीय अधिकृत

नरेश पुडासैनी
प्रमुख प्रशासकीय अधिकृत